- पहिरो नियन्त्रण, भू– संरक्षण तथा नदी नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने,
- सिँचाइ, जल उपयोग तथा साना जलविद्युत एवं वैकल्पिक ऊर्जा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- सौर्य, बायोग्यास, सुधारिएको चुलो तथा अन्य नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्ने,
- शहरी तथा ग्रामीण बस्ती विकास, आवास विकास तथा अव्यवस्थित बसोबास व्यवस्थापनमा सहजीकरण गर्ने,
- जग्गा विकास, भूमि व्यवस्थापन तथा सरकारी प्रयोजनका लागि जग्गा प्राप्तिमा समन्वय गर्ने,
- सार्वजनिक निर्माण तथा पूर्वाधारसम्बन्धी अभिलेख, नक्सा, GIS तथा डिजिटल सूचना व्यवस्थापन गर्ने,
- विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापनासम्बन्धी योजना तयार गर्ने,
- विपद् जोखिमयुक्त क्षेत्रको पहिचान, नक्साङ्कन तथा जोखिम विश्लेषण गर्ने,
- खोज तथा उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माणमा समन्वय गर्ने,
- विपद् व्यवस्थापन कोष व्यवस्थापन तथा स्रोत परिचालन गर्ने,
- पूर्वसूचना प्रणाली, आपतकालीन कार्य सञ्चालन केन्द्र तथा आपतकालीन तयारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- वारुणयन्त्र, एम्बुलेन्स तथा अन्य आपतकालीन सेवाको व्यवस्थापनमा समन्वय गर्ने,
- संघ, प्रदेश, विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने,
- उपभोक्ता समिति, निर्माण व्यवसायी तथा परामर्शदातासँग समन्वय र सहजीकरण गर्ने,
- शाखासम्बन्धी राजस्व, सेवा प्रवाह, अभिलेख तथा सूचना प्रणाली व्यवस्थापन गर्ने,
- शाखाका कर्मचारीको कार्यसम्पादन, क्षमता विकास तथा कार्यविभाजन व्यवस्थापन गर्ने,
- शाखाको वार्षिक योजना, बजेट, कार्यक्रम, प्रगति प्रतिवेदन तथा समीक्षा प्रतिवेदन तयार गर्ने,
- गाउँपालिका, प्रदेश सरकार तथा संघीय सरकारबाट तोकिएका पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापनसम्बन्धी अन्य कार्य सम्पादन गर्ने।
- 'घ' वर्गको निर्माण व्यवसाय इजाजतका लागि पेश भएको आवश्यक कागजातको प्राविधिक तथा प्रशासनिक मूल्याङ्कन गरी इजाजतका लागि सिफारिस गर्ने।
- पूर्ण सरसफाई दिगोपना सम्बन्धि कार्यक्रमहरु संचालन गर्ने,
- गाउँ कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृत तथा गाउँपालिका अध्यक्षबाट तोकिएका अन्य कार्य सम्पादन गर्ने।

२.१. सडक तथा अन्य पूर्वाधार विकास इकाइ

- गाउँपालिकाको सडक तथा अन्य पूर्वाधार विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्ने,
- आवधिक योजना, वार्षिक बजेट तथा कार्यक्रमअनुसार पूर्वाधार विकास आयोजनाको योजना कार्यान्वयन योजना तयार गर्ने,
- गाउँपालिका क्षेत्रभित्रका सडक, पुल, कल्भर्ट, नाली, पक्की बाटो तथा अन्य सार्वजनिक पूर्वाधारको निर्माण, स्तरोन्नति तथा मर्मतसम्भारको योजना बनाउने,
- सडक सञ्जालको प्राथमिकता निर्धारण गरी कार्यान्वयनका लागि प्रस्ताव तयार गर्ने,
- पूर्वाधार आयोजनाको सम्भाव्यता अध्ययन (Feasibility Study) तथा प्रारम्भिक सर्वेक्षण गर्ने,
- विस्तृत परियोजना प्रतिवेदन (DPR), लागत अनुमान, डिजाइन तथा नक्सा तयार गर्ने वा गराउने,
- सार्वजनिक खरिद प्रक्रिया सम्बन्धी प्राविधिक कागजात तयार गर्न सहयोग गर्ने,
- निर्माण कार्यको नियमित प्राविधिक सुपरिवेक्षण तथा अनुगमन गर्ने,
- निर्माण कार्य तोकिएको गुणस्तर, समय र लागतअनुसार सम्पन्न भए/नभएको परीक्षण गर्ने,
- निर्माण सामग्री तथा कार्यको गुणस्तर परीक्षण तथा प्रमाणीकरण गर्ने,
- निर्माण सम्पन्न भएपछि कार्य सम्पन्न प्रतिवेदन (Completion Report) तयार गर्ने,
- आयोजनाको मापन पुस्तिका (Measurement Book) तथा प्राविधिक अभिलेख अद्यावधिक गर्ने,
- भुक्तानीका लागि आवश्यक प्राविधिक सिफारिस तथा मूल्यांकन गर्ने,

लिला ना...
सूचना अधिकारी

- सडक तथा अन्य संरचनाको नियमित मर्मतसम्भार योजना तयार गरी कार्यान्वयन गर्ने,
- प्राकृतिक विपदवाट क्षतिग्रस्त सडक तथा पूर्वाधारको तत्काल मर्मत तथा पुनःस्थापनाको व्यवस्था गर्ने,
- सडक सुरक्षा सम्बन्धी मापदण्ड तथा संकेत चिन्ह (Road Safety Measures) कार्यान्वयन गर्ने,
- अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार विकासका मापदण्ड लागू गर्ने,
- सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- निर्माण कार्यमा वातावरणीय तथा सामाजिक प्रभाव न्यूनीकरणका उपाय कार्यान्वयन गर्ने,
- उपभोक्ता समिति, निर्माण व्यवसायी तथा परामर्शदातासँग आवश्यक समन्वय गर्ने,
- संघ, प्रदेश तथा अन्य निकायसँग पूर्वाधार विकास सम्बन्धी समन्वय गर्ने,
- पूर्वाधार विकासका लागि आवश्यक तथ्याङ्क, अभिलेख तथा GIS सम्बन्धी विवरण अद्यावधिक गर्ने,
- पूर्वाधार आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन तयार गर्ने,
- योजना अनुगमन, मूल्यांकन तथा समीक्षा सम्बन्धी कार्य गर्ने,
- सार्वजनिक गुनासो तथा सुझाव व्यवस्थापन गरी आवश्यक सुधारका उपाय अवलम्बन गर्ने,
- सडक अतिक्रमण नियन्त्रण तथा सार्वजनिक सडकको संरक्षणमा सम्बन्धित निकायसँग समन्वय गर्ने,
- सडक किनार तथा सार्वजनिक संरचनाको संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- सडक बत्ती, प्रतीक्षालय, सार्वजनिक शौचालय लगायतका सहायक पूर्वाधारको विकासमा समन्वय गर्ने,
- निर्माण कार्यमा प्रयोग हुने नयाँ प्रविधि तथा नवप्रवर्तनको प्रवर्द्धन गर्ने,
- कर्मचारी तथा प्राविधिक जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- पूर्वाधार विकास सम्बन्धी कानुन, मापदण्ड तथा निर्देशिकाको पालना गराउने,
- गाउँपालिकाले तोकेका अन्य पूर्वाधार विकास सम्बन्धी कार्य सम्पादन गर्ने,
- प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखले तोकेका अन्य कार्यहरू सम्पादन गर्ने।

२.२. भवन तथा मापदण्ड कार्यान्वयन इकाइ

- गाउँपालिकाको भवन निर्माण तथा भवन मापदण्ड सम्बन्धी नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,
- भवन निर्माण इजाजत (नक्सा पास) सम्बन्धी निवेदन दर्ता तथा प्रक्रिया सञ्चालन गर्ने,
- भवन निर्माण अनुमति (Building Permit) प्रदान गर्न प्राविधिक राय तथा सिफारिस गर्ने,
- भवनको नक्सा, डिजाइन तथा प्राविधिक कागजात परीक्षण गर्ने,
- प्रचलित भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालना गराउने,
- भवन निर्माण इजाजत जारी, नवीकरण तथा रद्द गर्ने प्रक्रिया सञ्चालन गर्ने,
- निर्माणपूर्व स्थलगत निरीक्षण गर्ने,
- निर्माणको विभिन्न चरणमा नियमित प्राविधिक निरीक्षण गर्ने,
- स्वीकृत नक्साअनुसार निर्माण भए/नभएको अनुगमन गर्ने,
- भूकम्प प्रतिरोधी तथा सुरक्षित भवन निर्माण प्रवर्द्धन गर्ने,
- भवन निर्माणसम्बन्धी प्राविधिक परामर्श प्रदान गर्ने,
- भवन निर्माणसँग सम्बन्धित मापदण्ड कार्यान्वयन गराउने,
- इजाजतबिनाको भवन निर्माण नियन्त्रण तथा रोक्का गर्ने,
- स्वीकृत नक्साविपरीत निर्माणमा आवश्यक कानुनी प्रक्रिया अघि बढाउने,
- निर्माण सम्पन्न भवनको निरीक्षण गरी सम्पन्नता प्रमाणपत्र (Completion Certificate) जारी गर्ने,
- भवन निर्माणसम्बन्धी अभिलेख तथा तथ्याङ्क अद्यावधिक गर्ने,
- भवन निर्माण इजाजत तथा सम्पन्नता प्रमाणपत्रको अभिलेख व्यवस्थापन गर्ने,
- भवन निर्माणसम्बन्धी गुनासा तथा उजुरीको प्राविधिक अध्ययन गर्ने,
- भवन निर्माणमा संलग्न प्राविधिक, निर्माण व्यवसायी तथा सेवाग्राहीसँग समन्वय गर्ने,
- सार्वजनिक भवन निर्माणमा भवन संहिता पालना गराउने,
- विपद् जोखिम न्यूनीकरणसम्बन्धी भवन निर्माण मापदण्ड कार्यान्वयन गर्ने,

लिला ना.प.
सूचना अधिकारी

- भवन निर्माणसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- भवन निर्माणसम्बन्धी स्थानीय मापदण्ड तयार गर्न सहयोग गर्ने,
- भवन निर्माणसम्बन्धी कानुन, नीति, निर्देशिका तथा मापदण्ड कार्यान्वयन गर्ने,
- भवन निर्माणसम्बन्धी प्राविधिक प्रतिवेदन तयार गर्ने,
- भवन निर्माणसम्बन्धी सेवा प्रवाहलाई सरल, पारदर्शी र प्रभावकारी बनाउने,
- भवन निर्माणसम्बन्धी राजस्व निर्धारण तथा संकलन प्रक्रियामा आवश्यक प्राविधिक सहयोग गर्ने,
- भवन निर्माणसम्बन्धी सूचना प्रणाली तथा अभिलेखको डिजिटलीकरणमा सहयोग गर्ने,
- सम्बन्धित वडा कार्यालय तथा अन्य निकायसँग आवश्यक समन्वय गर्ने,
- भवन निर्माणसम्बन्धी नियमित अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गर्ने,
- भवन तथा निर्माणसम्बन्धी प्रचलित कानुनले तोकेका अन्य कार्यहरू सम्पादन गर्ने,
- पुराना भवनहरूको संरचनागत अवस्था परीक्षण तथा प्रवलिकरण तथा अभिलेखीकरणका लागि आवश्यक परामर्श दिने,
- भवन तथा पूर्वाधार सम्बन्धी तथ्याङ्क संकलन, अभिलेखीकरण तथा अद्यावधिक गर्ने,
- शाखा/इकाइको वार्षिक कार्यक्रम, बजेट तथा प्रगति प्रतिवेदन तयार गर्ने,
- संघ, प्रदेश तथा सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने,
- सार्वजनिक खरिद तथा निर्माण कार्यमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,
- गाउँपालिकाको निर्णय तथा प्रचलित कानुनबमोजिम तोकिएका अन्य कार्य सम्पादन गर्ने,
- प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखले तोकेका अन्य कार्य सम्पादन गर्ने।

२.१. वातावरण सरसफाई तथा विपद व्यवस्थापन इकाइ

- गाउँपालिकाको वातावरण संरक्षण, सरसफाइ, जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी नीति, योजना, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने।
- पालिका क्षेत्रको वातावरणीय सन्तुलन संरक्षण, प्राकृतिक स्रोतको दिगो उपयोग तथा प्रदूषण नियन्त्रणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- वन, वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी संघ, प्रदेश तथा स्थानीय सरकारका नीति, ऐन, नियम, मापदण्ड तथा निर्देशिकाको कार्यान्वयन गर्ने।
- वातावरणीय प्रभाव मूल्याङ्कन (EIA), प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरण व्यवस्थापन योजनाको कार्यान्वयन, अनुगमन तथा सहजीकरण गर्ने।
- जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणसम्बन्धी स्थानीय योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने।
- मनसुन पूर्वतयारी योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने।
- स्थानीय विपद् व्यवस्थापन समितिको सचिवालय तथा निर्णय कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण गर्ने।
- बाढी, पहिरो, डुबान, आगलागी, भूकम्प, चट्याङ, महामारी तथा अन्य विपद्को जोखिम न्यूनीकरण, पूर्वतयारी, उद्धार, राहत तथा पुनःस्थापनासम्बन्धी कार्यमा समन्वय गर्ने।
- विपद्को समयमा क्षति विवरण सङ्कलन, प्रारम्भिक क्षति मूल्याङ्कन तथा आवश्यक प्रतिवेदन तयार गर्ने।
- फोहोरमैला व्यवस्थापनसम्बन्धी योजना कार्यान्वयन, फोहोर सङ्कलन, वर्गीकरण, ढुवानी, प्रशोधन, पुनःप्रयोग, पुनर्चक्रण तथा सुरक्षित विसर्जनसम्बन्धी कार्य गर्ने।
- ल्याण्डफिल साइटको पहिचान, निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक अध्ययन, समन्वय तथा अनुगमन गर्ने।
- फोहोरमैला व्यवस्थापन सेवा तथा फोहोरमैला शुल्क संकलन प्रणाली कार्यान्वयनमा सहजीकरण गर्ने।
- पूर्ण सरसफाइ अभियान, खुला क्षेत्र सरसफाइ तथा समुदायमा सरसफाइसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- नेपाल सरकारले सञ्चालन गर्ने वातावरण, सरसफाइ तथा जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय अभियानको स्थानीय स्तरमा प्रभावकारी कार्यान्वयन गर्ने।
- वातावरण दिवस, विश्व सरसफाइ दिवस, वृक्षारोपण दिवस तथा अन्य वातावरणीय अभियान सञ्चालनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने।

लिला ना...
सूचना अधिकारी

- सार्वजनिक खुला क्षेत्र, हरियाली क्षेत्र, पार्क, नदी किनार तथा अन्य सार्वजनिक स्थलमा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- सामुदायिक वन, कबुलियती वन, उपभोक्ता समूह तथा अन्य सरोकारवालासँग वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी समन्वय र सहकार्य गर्ने।
- वातावरणीय सन्तुलनमा प्रतिकूल असर पर्ने निर्माण तथा अन्य गतिविधिको अनुगमन गरी आवश्यक कानुनी कारबाहीका लागि सिफारिस गर्ने।
- वातावरण संरक्षणमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई प्रोत्साहन तथा वातावरणीय क्षति पुऱ्याउने कार्यविरुद्ध आवश्यक कारबाहीका लागि सिफारिस गर्ने।
- गाउँपालिकाअन्तर्गत सञ्चालित शहरी स्वास्थ्य केन्द्र तथा सरसफाइसँग सम्बन्धित कार्यक्रमहरूमा फोकल पर्सनको रूपमा समन्वय गर्ने।
- वातावरण, सरसफाइ, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनसम्बन्धी तथ्याङ्क सङ्कलन, अभिलेखीकरण, विश्लेषण तथा सूचना प्रणाली अद्यावधिक गर्ने।
- वातावरण, सरसफाइ तथा विपद् व्यवस्थापनसम्बन्धी मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने।
- वातावरण, सरसफाइ तथा विपद् व्यवस्थापनसम्बन्धी सार्वजनिक जनचेतना, अभिमुखीकरण, तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।
- संघ, प्रदेश, सुरक्षा निकाय, विकास साझेदार तथा अन्य सम्बन्धित निकायसँग वातावरण तथा विपद् व्यवस्थापनसम्बन्धी समन्वय र सहकार्य गर्ने।
- प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख तथा गाउँकार्यपालिकाबाट तोकिएका वातावरण, सरसफाइ, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य सम्पादन गर्ने।

३. सामाजिक तथा आर्थिक विकास शाखा

- गाउँपालिकाको सामाजिक तथा आर्थिक विकाससम्बन्धी नीति, ऐन, नियम, मापदण्ड, योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने।
- शिक्षा, स्वास्थ्य, कृषि, पशुपन्छी विकास, सहकारी, रोजगार, उद्यम विकास, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति तथा लक्षित वर्गसँग सम्बन्धित कार्यक्रमहरूको समन्वय तथा व्यवस्थापन गर्ने।
- सामाजिक तथा आर्थिक विकाससम्बन्धी आवधिक, वार्षिक तथा विषयगत योजना तयार गर्ने तथा कार्यान्वयन गर्ने।
- स्थानीय आर्थिक विकास (Local Economic Development–LED) सम्बन्धी नीति तथा कार्यक्रम सञ्चालन गर्ने।
- गरिबी न्यूनीकरण, स्वरोजगार, उद्यमशीलता विकास तथा आयआर्जन अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- कृषि, पशुपालन, उद्योग, पर्यटन, सहकारी तथा लघु उद्यमको प्रवर्द्धन गर्ने।
- सामाजिक सुरक्षा, सामाजिक संरक्षण तथा समावेशी विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- महिला सशक्तीकरण, लैङ्गिक समानता, बालअधिकार, बाल संरक्षण तथा सामाजिक समावेशीकरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न तथा अन्य लक्षित समुदायको संरक्षण तथा सशक्तीकरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- स्वास्थ्य, पोषण, सरसफाइ तथा जनस्वास्थ्यसम्बन्धी कार्यक्रम कार्यान्वयनमा समन्वय गर्ने।
- विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, अनौपचारिक शिक्षा, सीप विकास तथा साक्षरता कार्यक्रम सञ्चालनमा समन्वय गर्ने।
- कृषि उत्पादन, पशुपन्छी विकास, खाद्य सुरक्षा तथा पोषण सुधारसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- सहकारी संस्था, लघुवित्त तथा सामुदायिक संस्थासँग समन्वय गरी आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्ने।
- रोजगार सेवा केन्द्र, श्रम तथा रोजगारसम्बन्धी कार्यक्रम सञ्चालन तथा समन्वय गर्ने।
- युवा, खेलकुद, कला, संस्कृति, भाषा, साहित्य तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- पर्यटन विकास, स्थानीय उत्पादनको बजारीकरण तथा निजी क्षेत्रसँग साझेदारी प्रवर्द्धन गर्ने।
- सामाजिक तथा आर्थिक विकाससम्बन्धी तथ्याङ्क सङ्कलन, अभिलेखीकरण, विश्लेषण तथा सूचना व्यवस्थापन गर्ने।
- विषयगत शाखा तथा वडा कार्यालयसँग समन्वय गरी कार्यक्रम, कार्यान्वयन तथा अनुगमन गर्ने।

लिला ना.प.
सूचना अधिकारी

- संघ, प्रदेश, विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गर्ने।
- शाखाअन्तर्गतका इकाइ तथा कर्मचारीको कार्य विभाजन, सुपरिवेक्षण, समन्वय, क्षमता विकास तथा कार्यसम्पादन मूल्याङ्कन गर्ने।
- शाखाको मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने।
- सामाजिक तथा आर्थिक विकाससम्बन्धी प्रचलित ऐन, नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधिको प्रभावकारी कार्यान्वयन गराउने।
- गाउँकार्यपालिका, गाउँसभा, प्रमुख प्रशासकीय अधिकृत तथा गाउँपालिका अध्यक्षबाट तोकिएका सामाजिक तथा आर्थिक विकाससम्बन्धी अन्य कार्य सम्पादन गर्ने।

३.१. सामाजिक सुरक्षा तथा पन्जिकरण इकाई

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तासम्बन्धी नीति, कानुन, मापदण्ड तथा निर्देशिकाको कार्यान्वयन गर्ने,
- सामाजिक सुरक्षा भत्ता कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा अभिलेख अद्यावधिक गर्ने,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको लगत संकलन, प्रमाणीकरण, नवीकरण तथा अद्यावधिक गर्ने,
- सामाजिक सुरक्षा भत्ता वितरणसम्बन्धी कार्यको समन्वय, अनुगमन तथा प्रतिवेदन तयार गर्ने,
- जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद लगायतका व्यक्तिगत घटना दर्ता तथा प्रमाणपत्र जारी गर्ने,
- व्यक्तिगत घटना दर्तासम्बन्धी अभिलेख संरक्षण, व्यवस्थापन तथा डिजिटलीकरण गर्ने,
- व्यक्तिगत घटना दर्ता प्रणाली (VERSP-MIS वा प्रचलित प्रणाली) को सञ्चालन तथा अभिलेख अद्यावधिक गर्ने,
- वडा कार्यालयहरूसँग समन्वय गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने,
- सामाजिक सुरक्षा तथा पञ्जीकरणसम्बन्धी तथ्याङ्क संकलन, विश्लेषण तथा प्रकाशन गर्ने,
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,
- सामाजिक सुरक्षा भत्ता वितरणमा पारदर्शिता, नियमितता तथा प्रभावकारिता कायम गर्न अनुगमन गर्ने,
- दोहोरो सुविधा, त्रुटिपूर्ण विवरण तथा अपात्र लाभग्राहीको पहिचान गरी आवश्यक कारबाहीका लागि सिफारिस गर्ने,
- सामाजिक सुरक्षा तथा पञ्जीकरणसम्बन्धी गुनासा तथा समस्याको सुनुवाइ र व्यवस्थापन गर्ने,
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तासम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने,
- सामाजिक सुरक्षा तथा पञ्जीकरण क्षेत्रसँग सम्बन्धित संघ, प्रदेश तथा अन्य निकायसँग समन्वय र सहकार्य गर्ने,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण सुरक्षित र गोप्य रूपमा व्यवस्थापन गर्ने,
- शाखा/इकाईसँग सम्बन्धित कानुन, मापदण्ड तथा कार्यविधिको पालना गराउने,
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा सुधारका लागि सुझाव तयार गर्ने,
- सामाजिक सुरक्षा तथा पञ्जीकरणसम्बन्धी अभिलेखहरूको सुरक्षित संरक्षण तथा व्यवस्थापन गर्ने,
- गाउँपालिकाले तोकेका सामाजिक सुरक्षा तथा पञ्जीकरणसम्बन्धी अन्य कार्यहरू सम्पादन गर्ने,
- सङ्घ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने,
- सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,
- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन गर्ने,
- आधुनिक प्रविधिमार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन गर्ने,
- राष्ट्रिय परिचयपत्र सम्बन्धी कार्य गर्ने,
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट तोकिएका तथा गाउँपालिका र प्रमुख प्रशासकीय अधिकृत वा शाखा प्रमुखले तोकेका अन्य कार्य गर्ने ।

३.२. महिला बालबालिका तथा जेष्ठ नागरिक इकाई

- महिला वालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी नीति, योजना तर्जुमा तथा कार्यान्वयन, समन्वय र नियमन गर्ने,
- लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवद्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना सम्बन्धि कार्य गर्ने,
- लैगिक उत्तरदायी बजेट तर्जुमा तथा परिक्षण सम्बन्धि कार्य गर्ने,
- वालवालिका, किशोर किशोरी तथा युवा इकाइको कार्य गर्ने,

लिला ना...
सूचना अधिकारी

- बालबालिकाको हकहीत संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने,
- बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल गठन तथा बालबालिकाको हकहीत संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य गर्ने,
- लक्षित समूह विकास सम्बन्धी स्थानीय योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, श्रोत परिचालन र व्यवस्थापन गर्ने,
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक हकहित सम्बन्धी नीति, योजना तर्जुमा, कार्यान्वयन, समन्वय र नियमन गर्ने,
- महिला सशक्तिकरण, क्षमता अभिवृद्धि, रोजगारमूलक, सीपमूलक र आयआर्जनमा सघाउ पुग्ने खालका योजना तर्जुमा गरी स्वीकृतिका लागि पेशगर्ने,
- स्थानीय समुदायमा महिलाको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अधिकार सम्बन्धमा सचेतना कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने,
- बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि अनुरुप कार्यक्रम र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने,
- बालगृह, पुनःस्थापना केन्द्र, शिशुस्याहार केन्द्र र बालविकास केन्द्र स्थापना र व्यवस्थापनलाई योजना तर्जुमा प्रक्रियामा प्राथमिकतासाथ संचालन गर्ने,
- बालवालिकाको हकहित संरक्षण सुनिश्चित गर्ने,
- अपांगता तथा जेष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धि कार्य गर्ने,
- अनाथ, असहाय, अशक्त र मानसिक सन्तुलन नभएका व्यक्तिहरूको पुनस्थापना केन्द्र संचालन, व्यवस्थापन, अनुगमन र नियमन गर्ने,
- गाउँपालिका क्षेत्रमा फेला परेका वेवारिसे बालवालिकाहरूको संरक्षण, अविभावकको खोजि गरी जिम्मा लगाउने तथा अनाथालयमा जिम्मा लगाउने व्यवस्था गर्ने,
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा लक्षित वर्गको संरक्षण, सशक्तीकरण र विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- महिला अधिकार, बाल अधिकार तथा ज्येष्ठ नागरिक अधिकारसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,
- महिला हिंसा, घरेलु हिंसा, बालविवाह, मानव बेचबिखन तथा लैङ्गिक विभेदविरुद्ध रोकथाम तथा संरक्षणका कार्यक्रम सञ्चालन गर्ने,
- बालमैत्री स्थानीय शासन, बाल संरक्षण तथा बाल सहभागिता प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- बाल क्लब, महिला समूह, आमा समूह तथा ज्येष्ठ नागरिक समूहको गठन, परिचालन र सुदृढीकरण गर्ने,
- ज्येष्ठ नागरिकको सम्मान, संरक्षण, स्वास्थ्य प्रवर्द्धन तथा सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- महिला तथा बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार तथा शोषणका घटनामा उद्धार, संरक्षण, परामर्श तथा सहजीकरण गर्ने,
- बाल श्रम न्यूनीकरण तथा जोखिममा रहेका बालबालिकाको संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- महिला उद्यमशीलता, स्वरोजगार, सीप विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन गर्ने,
- लैङ्गिक उत्तरदायी बजेट तथा सामाजिक समावेशीकरणसम्बन्धी कार्यक्रमको समन्वय र अनुगमन गर्ने,
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी तथ्याङ्क संकलन, अभिलेखीकरण तथा अद्यावधिक गर्ने,
- अपाङ्गता भएका व्यक्ति, एकल महिला, असहाय तथा जोखिममा रहेका व्यक्तिहरूसँग सम्बन्धित कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने,
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी संघ, प्रदेश तथा अन्य निकायसँग समन्वय र सहकार्य गर्ने,
- सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा आवश्यक सहजीकरण तथा अनुगमन गर्ने,
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक विकाससम्बन्धी तालिम, गोष्ठी, अभिमुखीकरण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- इकाइसँग सम्बन्धित कानुन, नीति, मापदण्ड तथा निर्देशिकाको कार्यान्वयन गर्ने,
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन तयार गर्ने,
- स्थानीय तहमा गठन हुने मेलमिलाप, संरक्षण तथा समन्वय संयन्त्रसँग सहकार्य गर्ने,
- गाउँपालिकाले तोकेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी अन्य कार्यहरू सम्पादन गर्ने।

३.३. उद्योग विकास/सहकारी/पर्यटन ईकाइ

लिला ना...
सूचना अधिकारी

- स्थानीय व्यापार, व्यवसायको तथ्याङ्क प्रणाली व्यवस्थापन तथा संचालन गर्ने,
- स्थानीय उद्योग, घरेलु उद्योग तथा लघुउद्यमको विकास तथा प्रवर्द्धन गर्ने,
- उद्यमशीलता विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,
- स्थानीय स्रोत, सीप र प्रविधिमा आधारित उद्योग स्थापना तथा सञ्चालनमा सहयोग गर्ने,
- बेरोजगार युवा, महिला, दलित, जनजाति तथा विपन्न वर्गलाई सीपमूलक तथा उद्यम विकास तालिम सञ्चालन गर्ने,
- लघुउद्यम विकास कार्यक्रम सञ्चालन तथा समन्वय गर्ने,
- उद्योग तथा व्यवसाय सम्बन्धी तथ्याङ्क संकलन, अभिलेखीकरण र अद्यावधिक गर्ने,
- उद्योग तथा व्यवसाय दर्ता, नवीकरण तथा सिफारिस सम्बन्धी कार्यमा सहजीकरण गर्ने,
- उत्पादित वस्तुको बजारीकरण, ब्रान्डिङ, प्याकेजिङ तथा प्रदर्शनी कार्यक्रम सञ्चालन गर्ने,
- सहकारी, निजी क्षेत्र तथा अन्य निकायसँग समन्वय गरी उद्यम प्रवर्द्धन गर्ने,
- स्वरोजगार तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने,
- स्थानीय उत्पादनको मूल्य श्रृङ्खला विकास तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
- उद्योग तथा उद्यम विकास सम्बन्धी अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन तयार गर्ने,
- उद्योग तथा वाणिज्य सम्बन्धी प्रचलित कानुन, नीति तथा मापदण्ड कार्यान्वयन गर्ने,
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई उद्यमशीलतामा आबद्ध गराउने कार्यक्रम सञ्चालन गर्ने,
- गाउँपालिकाले तोकेका उद्योग तथा उद्यम विकास सम्बन्धी अन्य कार्यहरू गर्ने,
- सहकारी सम्बन्धी संघीय, प्रदेश तथा स्थानीय कानुन, नीति, योजना र कार्यक्रमको कार्यान्वयन गर्ने,
- गाउँपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरूको दर्ता, नियमन, अनुगमन तथा प्रवर्द्धन गर्ने,
- सहकारी संस्थाको नवीकरण, अभिलेखीकरण तथा तथ्याङ्क अद्यावधिक गर्ने,
- सहकारी संस्थाको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन तथा अन्य विवरण संकलन र विश्लेषण गर्ने,
- सहकारी संस्थाको सुशासन, पारदर्शिता तथा वित्तीय अनुशासन कायम गराउन आवश्यक सहजीकरण गर्ने,
- सहकारी शिक्षा, तालिम, क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गरी आवश्यक निर्देशन र सुझाव प्रदान गर्ने,
- सहकारी संस्थाबीच समन्वय, सहकार्य तथा सञ्जालीकरण प्रवर्द्धन गर्ने,
- बचत तथा ऋण कारोबार, लगानी तथा जोखिम व्यवस्थापन सम्बन्धी मापदण्ड कार्यान्वयनमा सहजीकरण गर्ने,
- सहकारी संस्थामा देखिएका समस्या तथा विवाद समाधानका लागि आवश्यक पहल र सहजीकरण गर्ने,
- सहकारी सम्बन्धी तथ्याङ्क, सूचना तथा अभिलेख व्यवस्थापन गर्ने,
- सहकारी क्षेत्रको विकासका लागि अध्ययन, अनुसन्धान तथा सुझाव तयार गर्ने,
- सहकारी संस्थाहरूको वर्गीकरण तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,
- सहकारी संस्थाको वार्षिक साधारण सभा तथा कानुनी दायित्वहरूको पालना भए/नभएको अनुगमन गर्ने,
- सहकारी विकास तथा प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने,
- गाउँपालिकाले तोकेका सहकारी सम्बन्धी अन्य कार्यहरू सम्पादन गर्ने,
- स्थानीय पर्यटन नीति, योजना, कार्यक्रम तथा रणनीति तर्जुमा र कार्यान्वयन गर्ने,
- गाउँपालिकाभित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक तथा साहसिक पर्यटनस्थलहरूको पहिचान, संरक्षण, विकास र प्रवर्द्धन गर्ने,
- पर्यटन पूर्वाधार (पदयात्रा मार्ग, विश्रामस्थल, सूचना केन्द्र, संकेतचिन्ह आदि) निर्माण तथा व्यवस्थापनमा समन्वय गर्ने,
- स्थानीय पर्यटन गन्तव्यहरूको प्रचार– प्रसार, ब्रान्डिङ तथा बजारीकरण गर्ने,
- पर्यटन सम्बन्धी तथ्याङ्क संकलन, अभिलेखीकरण तथा अद्यावधिक गर्ने,
- पर्यटन व्यवसायी, होमस्टे सञ्चालक तथा स्थानीय समुदायको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,
- होमस्टे, पर्यटकीय सेवा तथा पर्यटन व्यवसायको प्रवर्द्धन र सहजीकरण गर्ने,
- स्थानीय कला, संस्कृति, भाषा, भेषभूषा, जात्रा तथा चाडपर्वको संरक्षण र पर्यटनसँग आबद्ध गर्ने,

लिला ना.प.
सूचना अधिकारी

- पर्यटन क्षेत्रसँग सम्बन्धित संघ, प्रदेश, निजी क्षेत्र तथा अन्य निकायसँग समन्वय र सहकार्य गर्ने,
- पर्यटकीय स्थलहरूको संरक्षण, सरसफाइ तथा वातावरणीय व्यवस्थापनमा सहयोग गर्ने,
- पर्यटन विकासका लागि आवश्यक अध्ययन, अनुसन्धान तथा सम्भाव्यता विश्लेषण गर्ने,
- स्थानीय उत्पादन, हस्तकला तथा सांस्कृतिक सम्पदाको पर्यटनमार्फत प्रवर्द्धन गर्ने,
- पर्यटकको सुरक्षा, सूचना प्रवाह तथा पर्यटकमैत्री वातावरण निर्माणमा सहजीकरण गर्ने,
- पर्यटन विकास कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन तयार गर्ने,
- पर्यटन सम्बन्धी प्रचलित कानुन, नीति तथा मापदण्डको कार्यान्वयन गर्ने,
- गाउँपालिकाले तोकेका पर्यटन विकास सम्बन्धी अन्य कार्यहरू सम्पादन गर्ने।
- खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन गर्ने,
- ढुङ्गा, गिट्टी, बालुवा, माटो, स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्ने,
- गाउँ कार्यपालिका/अध्यक्ष प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखले तोकेका अन्य कार्य सम्पादन गर्ने।

३.४. कृषि विकास इकाई

- कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने,
- कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन गर्ने,
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण गर्ने,
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन गर्ने,
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण गर्ने,
- कृषिसम्बन्धी वीमा र कर्जा सहजीकरण गर्ने,
- शीत भण्डारणको व्यवस्थापन गर्ने,
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण गर्ने,
- कृषि बीउविजन, नश्र, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन गर्ने,
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन गर्ने,
- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण गर्ने कार्य गर्ने,
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार गर्ने,
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन गर्ने,
- कृषि विकाससम्बन्धी स्थानीय नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने,
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने,
- उन्नत बीउबिजन, मलखाद, जैविक मल तथा कृषि सामग्रीको प्रयोग र प्रवर्द्धन गर्ने,
- कृषि प्रसार सेवा, प्राविधिक परामर्श तथा किसान शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
- व्यावसायिक कृषि, करार खेती तथा कृषि उद्यमशीलताको विकास र प्रवर्द्धन गर्ने,
- कृषि यान्त्रीकरण तथा आधुनिक कृषि प्रविधिको विस्तार गर्ने,
- कृषि बाली संरक्षण, रोग तथा कीरा व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- सिँचाइ, माटो व्यवस्थापन तथा भूमि उपयोगसम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने,
- फलफूल, तरकारी, खाद्यान्न, नगदेबाली, मसला तथा अन्य कृषि उपज उत्पादन प्रवर्द्धन गर्ने,
- कृषि जैविक विविधता, स्थानीय जात तथा आनुवंशिक स्रोतको संरक्षण र विकास गर्ने,
- कृषि समूह, कृषक सहकारी तथा कृषि उद्यमहरूको गठन, सुदृढीकरण र क्षमता विकास गर्ने,
- कृषि बीमा, अनुदान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन तथा सहजीकरण गर्ने,
- कृषि उत्पादनको संकलन, भण्डारण, प्रशोधन, मूल्य अभिवृद्धि तथा बजारीकरणमा सहजीकरण गर्ने,
- कृषि बजार सूचना प्रणाली तथा कृषि तथ्याङ्क व्यवस्थापन गर्ने,

लिला ना.प.
सूचना अधिकारी

- कृषि सम्बन्धी तथ्याङ्क संकलन, अभिलेखीकरण, विश्लेषण तथा अद्यावधिक गर्ने,
- कृषि क्षेत्रसँग सम्बन्धित संघ, प्रदेश, अनुसन्धान संस्था तथा अन्य निकायसँग समन्वय गर्ने,
- कृषकको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी, अध्ययन भ्रमण तथा प्रदर्शन कार्यक्रम सञ्चालन गर्ने,
- जलवायु परिवर्तन अनुकूल कृषि प्रविधि तथा वातावरणमैत्री खेती प्रणालीको प्रवर्द्धन गर्ने,
- कृषि विकास कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन तयार गर्ने,
- कृषि व्यवसाय, कृषि फार्म तथा कृषि उद्यमहरूको निरीक्षण तथा नियमन गर्ने,
- कृषि सम्बन्धी प्रचलित कानुन, नीति, मापदण्ड तथा निर्देशिकाको कार्यान्वयन गर्ने,
- गाउँपालिकाले तोकेका कृषि विकाससम्बन्धी अन्य कार्यहरू सम्पादन गर्ने।

३.५. पशु विकास इकाई

- पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने,
- पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन गर्ने,
- पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण गर्ने,
- पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन गर्ने,
- पशुनश्ल सुधार पद्धति विकास र व्यवस्थापन गर्ने,
- पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण गर्ने,
- स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन गर्ने,
- पशु आहारको गुणस्तर नियमन गर्ने,
- स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली व्यवस्थापन गर्ने,
- पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन गर्ने,
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य गर्ने,
- पशुपन्छी विकाससम्बन्धी स्थानीय नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने,
- पशुपालन तथा पशुजन्य उत्पादनको विकास, विस्तार र व्यवसायीकरणका कार्यक्रम सञ्चालन गर्ने,
- पशु स्वास्थ्य सेवा, रोग निदान, उपचार तथा परामर्श सेवा प्रदान गर्ने,
- पशुपन्छीमा लाग्ने संक्रामक तथा महामारीजन्य रोगको रोकथाम, नियन्त्रण तथा निगरानी गर्ने,
- नियमित खोप कार्यक्रम सञ्चालन तथा खोपको सुरक्षित व्यवस्थापन गर्ने,
- कृत्रिम गर्भाधान, प्रजनन व्यवस्थापन तथा नस्ल सुधार कार्यक्रम सञ्चालन गर्ने,
- उन्नत पशु नस्ल विकास, संरक्षण तथा प्रवर्द्धन गर्ने,
- पशु आहार, घाँसेबाली विकास तथा चरन क्षेत्र व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- दुग्ध, मासु, अण्डा तथा अन्य पशुजन्य उत्पादनको उत्पादन वृद्धि र गुणस्तर सुधार गर्ने,
- पशुपन्छी फार्म, व्यवसाय तथा उद्यमको दर्ता, अनुगमन तथा प्राविधिक सहजीकरण गर्ने,
- पशुपन्छी बीमा, अनुदान तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयन गर्ने,
- किसान, समूह, सहकारी तथा उद्यमीहरूको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी तथा प्राविधिक सेवा सञ्चालन गर्ने,
- पशुपन्छी तथा पशुजन्य उत्पादनसम्बन्धी तथ्याङ्क संकलन, अभिलेखीकरण तथा अद्यावधिक गर्ने,
- पशु कल्याण, पशुजन्य फोहोर व्यवस्थापन तथा जैविक सुरक्षा (Biosecurity) सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- वधशाला तथा मासुजन्य पदार्थको स्वच्छता र गुणस्तर प्रवर्द्धनमा सहजीकरण गर्ने,
- पशुपन्छी क्षेत्रमा देखिने प्राकृतिक प्रकोप, महामारी तथा विपद् व्यवस्थापनमा आवश्यक प्राविधिक सहयोग गर्ने,
- मत्स्यपालन तथा अन्य वैकल्पिक पशुपालन व्यवसायको प्रवर्द्धन गर्ने,
- पशुपन्छी विकाससम्बन्धी संघ, प्रदेश तथा अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने,
- पशुपन्छी विकास कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन तयार गर्ने,
- पशुपन्छीसम्बन्धी प्रचलित कानुन, नीति, मापदण्ड तथा निर्देशिकाको कार्यान्वयन गर्ने,
- पशु स्वास्थ्य तथा पशुपन्छी विकाससम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

लिला ना.प.
सूचना अधिकारी

- गाउँपालिकाले तोकेका पशुपन्छी विकाससम्बन्धी अन्य कार्यहरू सम्पादन गर्ने।

३.६. रोजगार तथा गरिबी निवारण इकाइ

- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गतका नीति,कार्यविधि,नियमावलीको कार्यान्वयन गर्ने,
- स्थानिय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी बेरोजगार सुची रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट तथा अद्यावधिक गर्ने,
- प्राथमिकिकरणको आधारमा सूचीकृत बेरोजगार व्यक्तिलाई परिचयपत्र वितरण गरी काममा खटाउने,
- आफ्ना कामकारबाहीको बारेमा नियमित रुपमा गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्ने,
- आयोजना तथा कार्यक्रमहरुको स्थालगत अनुगमन तथा कार्यसम्पन्न तयार गर्ने,
- बेरोजगार व्यक्तिहरुको रकम भूक्तानीको लागि बैंक खाता खोल्न सहजिकरण गर्ने,
- स्थानीय तहभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गर्ने,
- स्थानीय तहभित्रको रोजगारीको सम्भाव्य स्थिति विश्लेषण गरी रोजगारीको तथ्यांक संकलन गर्ने, रोजगार नक्सांकन गर्ने तथा रोजगारीका अवसरको अभिलेखांकन गर्ने,
- श्रमको सम्मान सम्बन्धी कार्यक्रम सन्चालन,
- युवा लक्षित रोजगार,महिला,दलित,अपाङगता भएका व्यक्ति तथा विपन्न वर्ग लक्षित रोजगार सेवा,
- श्रममा आधारित न्यूनतम् रोजगारी कार्यक्रम सार्वजनिक निर्माण आयोजना सन्चालन,
- रोजगारीमा खटिनुपूर्व अभिमुखिकरण कार्यक्रम सन्चालन, श्रमिकको हाजिरी तथा कार्य अभिलेख व्यवस्थापन र ज्याला भूक्तानी प्रक्रिया समन्वय,रोजगार संवाद मन्च कार्यक्रम सन्चालन गर्ने,
- रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने,
- उद्यमशिलता विकास तथा सीप विकास तालिम सन्चालन गर्ने,
- वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श, सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण कार्यक्रम सन्चालन गर्ने,
- वैदेशिक रोजगारबाट फर्केका व्यक्तिको दर्ता र सीप तथा अनुभव अभिलेखीकरण गर्ने,
- वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्य गर्ने,
- FEIMS लगायत सम्बन्धित प्रणालीमा आवश्यक कार्य तथा सहजीकरण गर्ने,
- व्यक्तिगत श्रम तथा पुन श्रम स्वीकृतीको कार्य गर्ने,
- रोजगारदाताबाट माग भए बमोजिम सूचीकृत बेरोजगार व्यक्तिलाई रोजगारीका लागि काममा जान सूचित गर्ने,
- बेरोजगारहरुको ज्ञान, सीप, अनुभव, क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी तालिम दिने र सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने,
- सेवा प्रवाहको अभिलेख,मासिक,त्रैमासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने,
- ऐन तथा नियमावली बमोजिम आफूले गरेका काम कारबाहीको सम्बन्धमा मन्त्रालयले तोकेको ढाँचामा मन्त्रालय र प्रदेशको रोजगारी सम्बन्धी विषय हेर्ने मन्त्रालयमा चौमासिक रुपमा र आवश्यकता अनुसार माग भएको जुनसुकै समयमा प्रतिवेदन पठाउने,
- आफ्नो कार्यक्षेत्रभित्रबाट वैदेशिक रोजगारीमा जान चाहनेका लागि सूचना सम्प्रेषण गर्ने,
- बेरोजगार परिवारलाई प्रदान गर्ने निर्वाह भत्ता बैंक खाता मार्फत वितरण गर्ने व्यवस्था मिलाउने,
- रोजगारी तथा स्वरोजगारी सम्बन्धित स्थानीय तहमा कार्य गर्ने अन्य सरकारी निकाय वा त्यस्ता निकायद्वारा सञ्चालित कार्यक्रमसँग समन्वय र सहकार्य गर्ने,
- प्रचलित कानुन, कार्यविधि तथा स्थानीय तहले तोकेका अन्य कार्य तथा रोजगार सम्बन्धी कार्यहरुको सम्पादन गर्ने,
- गरिवी निवारणको स्थानीय रणनीति तर्जुमा सहयोग गर्ने,
- गरिबी निवरण सम्बन्धी स्थानीय नीति कानुन, मापदण्ढ, नियमन र अध्ययन अनुसन्धान गर्ने,
- गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण सुचना व्यवस्थापन र नियमन गर्ने,
- गरिवी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासंग सम्पर्क समन्वय र सहकार्य गर्ने,
- गरिबी निवारण सँग सम्बन्धित संघिय तथा प्रदेश सरकारबाट हस्तान्तरिक कार्यक्रम संचालन गर्ने,

लिला ना.प.
सूचना अधिकारी

- गाउँ कार्यपालिका/अध्यक्ष प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखले तोकेका अन्य कार्य सम्पादन गर्ने।

३.७. कृषि तथा पशु सेवा केन्द्रहरु

- कृषि तथा पशुपन्छी विकास सम्बन्धी स्थानीय नीति, योजना, कार्यक्रम तथा बजेट कार्यान्वयनमा शाखा/इकाइको निर्देशन कार्यान्वयन गर्ने,
- उन्नत बीउबिजन, मलखाद, कृषि सामग्री तथा प्रविधिको प्रयोग प्रवर्द्धन गर्ने,
- कृषि प्रसार सेवा, प्राविधिक परामर्श तथा किसान सुचिकरण तथा कृषक शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
- कृषि बाली तथा पशुपन्छी रोगको रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्ने,
- पशुपन्छीको खोप, उपचार, कृत्रिम गर्भाधान तथा पशु स्वास्थ्य सेवा उपलब्ध गराउने,
- कृषि तथा पशुपन्छी सम्बन्धी तथ्याङ्क संकलन, अभिलेखीकरण तथा अद्यावधिक गर्ने,
- किसान समूह, कृषि सहकारी तथा कृषि उद्यमको गठन, सुदृढीकरण र क्षमता विकास गर्ने,
- कृषि तथा पशुपन्छी बीमा, अनुदान तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने,
- कृषि तथा पशुजन्य उत्पादनको संकलन, भण्डारण, प्रशोधन तथा बजारीकरणमा सहजीकरण गर्ने,
- व्यावसायिक कृषि तथा पशुपालन विकासका लागि तालिम तथा प्रविधि हस्तान्तरण गर्ने,
- कृषि जैविक विविधता, स्थानीय जात तथा आनुवंशिक स्रोतको संरक्षण र प्रवर्द्धन गर्ने,
- कृषि तथा पशुपन्छी फार्म, उद्योग तथा व्यवसायको स्थलगत अनुगमन र नियमन गर्ने,
- दुग्ध, मासु, अण्डा तथा अन्य पशुजन्य पदार्थको गुणस्तर र स्वच्छता प्रवर्द्धन गर्ने,
- कृषि तथा पशुपन्छी क्षेत्रमा देखिने प्राकृतिक प्रकोप, महामारी तथा विपद् व्यवस्थापनमा आवश्यक सहयोग गर्ने,
- गाउँपालिकाले तोकेका कृषि तथा पशु सेवा सम्बन्धी अन्य कार्यहरू गर्ने।

४. अर्थिक प्रशासन शाखा

- गाउँपालिकाको आर्थिक प्रशासन सम्बन्धी नीति, कानुन, कार्यविधि तथा मापदण्ड कार्यान्वयन गर्ने,
- गाउँपालिकाको वित्तीय प्रशासन सञ्चालन तथा व्यवस्थापन गर्ने,
- वार्षिक बजेट तर्जुमा प्रक्रियामा आवश्यक वित्तीय विवरण तथा प्रक्षेपण उपलब्ध गराउने,
- स्वीकृत बजेटअनुसार विनियोजन, खर्च तथा वित्तीय अनुशासन कायम गर्ने,
- आय तथा व्ययको लेखा प्रचलित लेखा प्रणाली (SuTRA/LMBIS लगायत) अनुसार राख्ने,
- नगद, बैंक मौज्दात तथा वित्तीय स्रोतको सुरक्षित व्यवस्थापन गर्ने,
- गाउँपालिकाको सबै आर्थिक कारोबारको अभिलेख व्यवस्थित रूपमा राख्ने,
- चालु तथा पुँजीगत खर्चको भुक्तानी प्रक्रिया सञ्चालन गर्ने,
- भुक्तानीपूर्व आवश्यक कागजात तथा कानुनी प्रक्रिया परीक्षण गर्ने,
- पेश्की प्रदान, फछ्र्योट तथा अभिलेख व्यवस्थापन गर्ने,
- धरौटी रकमको प्राप्ति, फिर्ता तथा अभिलेख व्यवस्थापन गर्ने,
- राजस्व प्राप्ति तथा बैंक दाखिलाको लेखा राख्ने,
- राजस्व शाखासँग समन्वय गरी आयको दैनिक मिलान (Reconciliation) गर्ने,
- बैंक खाता सञ्चालन तथा बैंक मिलान विवरण (Bank Reconciliation Statement) तयार गर्ने,
- मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक वित्तीय प्रतिवेदन तयार गर्ने,
- महालेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित निकायमा आवश्यक वित्तीय विवरण पठाउने,
- आर्थिक कारोबारमा आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,
- आर्थिक अनुशासन तथा मितव्ययिता कायम गराउने,
- बेरुजु रोकथामका लागि आवश्यक वित्तीय परीक्षण तथा सुधारात्मक कार्य गर्ने,
- महालेखा परीक्षक, आन्तरिक लेखापरीक्षक तथा अन्य निकायबाट उठाइएका बेरुजु फछ्र्योटमा समन्वय गर्ने,
- आर्थिक प्रशासन सम्बन्धी अभिलेख सुरक्षित राख्ने तथा डिजिटाइजेशन गर्ने,
- कर्मचारीको तलब, भत्ता, चाडपर्व खर्च, सामाजिक सुरक्षा तथा अन्य सुविधाको भुक्तानी गर्ने,

लिला ना.प.
सूचना अधिकारी

- कर कट्टी, सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कर तथा अन्य कट्टी सम्बन्धी कार्य गर्ने,
- सेवा कर, मूल्य अभिवृद्धि कर (VAT), अग्रिम आयकर तथा अन्य कर सम्बन्धी दायित्व व्यवस्थापन गर्ने,
- अनुदान, समानीकरण, सशर्त, विशेष तथा समपूरक अनुदानको लेखा व्यवस्थापन गर्ने,
- विकास आयोजनाको वित्तीय प्रगति अभिलेख राख्ने,
- शाखा तथा वडा कार्यालयबाट प्राप्त आर्थिक विवरणको एकीकृत प्रतिवेदन तयार गर्ने,
- सार्वजनिक खरिदसँग सम्बन्धित आर्थिक पक्षको परीक्षण तथा भुक्तानी गर्ने,
- वित्तीय जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने,
- बेरुजु न्यूनीकरण तथा वित्तीय सुशासन प्रवर्द्धन गर्ने,
- सार्वजनिक सम्पत्तिको वित्तीय अभिलेख तथा सम्पत्ति व्यवस्थापनमा समन्वय गर्ने,
- आर्थिक प्रशासन सम्बन्धी सूचना तथा तथ्याङ्क अद्यावधिक गर्ने,
- वित्तीय पारदर्शिता तथा जवाफदेहिता कायम गर्न आवश्यक व्यवस्था गर्ने,
- आर्थिक प्रशासनसम्बन्धी गुनासा तथा उजुरीको आवश्यक व्यवस्थापन गर्ने,
- संघ, प्रदेश तथा अन्य निकायसँग वित्तीय समन्वय गर्ने,
- शाखाका कर्मचारीको कार्यविभाजन, क्षमता विकास तथा कार्यसम्पादन व्यवस्थापन गर्ने,
- वार्षिक कार्यक्रम, बजेट तथा शाखाको प्रगति प्रतिवेदन तयार गर्ने,
- प्रचलित कानुन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी व्यवस्था पालना गराउने,
- प्रमुख प्रशासकीय अधिकृत तथा गाउँपालिकाबाट तोकिएका अन्य आर्थिक प्रशासनसम्बन्धी कार्य सम्पादन गर्ने।

४.१. लेखा इकाई

- गाउँपालिकाको आय– व्ययको लेखा अभिलेख व्यवस्थित रूपमा राख्ने,
- स्वीकृत बजेटअनुसार खर्चको लेखाङ्कन गर्ने,
- भुक्तानीका लागि पेश भएका बिल, भरपाई तथा कागजात परीक्षण गर्ने,
- प्रचलित कानुनबमोजिम भुक्तानी प्रक्रिया सम्पन्न गर्ने,
- राजस्व तथा अन्य आम्दानीको लेखा राख्ने,
- आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त अनुदानको लेखा व्यवस्थापन गर्ने,
- बैंक खाता सञ्चालन तथा बैंक मिलान (Bank Reconciliation) गर्ने,
- दैनिक, मासिक, चौमासिक र वार्षिक वित्तीय विवरण तयार गर्ने,
- आर्थिक कारोबारको नगद तथा जिन्सी अभिलेख मिलान गर्ने,
- खर्च शीर्षकअनुसार बजेट नियन्त्रण तथा अनुगमन गर्ने,
- बेरुजु न्यूनीकरण तथा फछ्यौंटसम्बन्धी कार्य गर्ने,
- आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा सहयोग गर्ने,
- आन्तरिक तथा अन्तिम लेखापरीक्षणका लागि आवश्यक कागजात उपलब्ध गराउने,
- लेखापरीक्षणबाट प्राप्त सुझाव तथा निर्देशन कार्यान्वयनमा समन्वय गर्ने,
- आर्थिक प्रशासनसम्बन्धी कानुन, नियम तथा कार्यविधिको पालना गराउने,
- कर्मचारीको तलब, भत्ता, सुविधा तथा कर कट्टाको लेखा राख्ने,
- सामाजिक सुरक्षा भत्ता तथा अन्य अनुदान भुक्तानीको लेखा व्यवस्थापन गर्ने,
- धरौटी, अग्रिम तथा पेश्कीको अभिलेख राख्ने र फछ्यौंट गर्ने,
- कर, राजस्व तथा अन्य रकम सम्बन्धित निकायमा दाखिला गर्ने,
- आर्थिक प्रतिवेदन तथा प्रगति विवरण तयार गरी पेश गर्ने,
- वित्तीय सूचना प्रणाली (जस्तै SuTRA/LMBIS वा प्रचलित प्रणाली) मा विवरण प्रविष्ट तथा अद्यावधिक गर्ने,
- विभिन्न योजना तथा कार्यक्रम भुक्तानी र सो को आर्थिक प्रगतिको अभिलेख राख्ने,
- शाखा/इकाइ तथा वडा कार्यालयबाट प्राप्त कारोबारको भुक्तानी गरी आर्थिक विवरण एकीकृत गर्ने,

लिला ...
सूचना अधिकारी

- आर्थिक अनुशासन तथा मितव्ययिता कायम गर्न आवश्यक सुझाव दिने,
- आर्थिक कारोबारसम्बन्धी अभिलेख सुरक्षित राख्ने तथा संरक्षण गर्ने,
- वार्षिक वित्तीय विवरण तथा अन्तिम हिसाब तयार गर्ने,
- आर्थिक प्रशासनसम्बन्धी कर्मचारीलाई आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने,
- सार्वजनिक खर्चको पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गर्ने,
- प्रचलित कानुनबमोजिम लेखा तथा वित्त व्यवस्थापनसम्बन्धी अन्य कार्य गर्ने,
- बार्षिक बजेट तर्जुमा, बजेट सीमा निर्धारण, शिर्षकगत व्ययको अनुमान तयारी सम्बन्धि कार्यहरु गर्ने,
- स्थानीय संञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन सम्बन्धि कार्यहरु गर्ने,
- गाउँसभाबाट स्वीकृत बार्षिक बजेट अनुसार आर्थिक कारोवारको लेखांकन, नियन्त्रण र व्यवस्थापन सम्बन्धि कार्यहरु गर्ने,
- गाउँपालिकाको बार्षिक खरीद योजना तयारीमा सहयोग गर्ने कार्य गर्ने,
- आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने र कार्यपालिकाको निर्देशन कार्यान्वयन गर्ने सम्बन्धि कार्यहरु गर्ने,
- गाउँपालिकाको प्रत्येक बर्षको अन्तिम लेखापरीक्षणको प्रतिवेदन सुरक्षित राख्ने कार्य गर्ने,
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण गर्ने ,
- लेखापालन सम्बन्धमा क्षमता विकास कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,
- संघिय सरकार, प्रदेश सरकार र गाउँपालिकाको ऐन नियमद्धारा तोकिएका अन्य कार्यहरु गर्ने ।
- आर्थिक (कार्यविधी) नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन, आर्थिक प्रशासन र व्यवस्थापन गर्ने
- नेपाल सरकारले तयार गरेका स्थानीय तहको लेखा तथा राजश्व सम्बन्धि विभिन्न प्रणालीको संचालन तथा व्यवस्थापन गर्ने,
- गाउँपालिकाले तोकेका वा प्रत्यायोजन गरेका लेखा तथा आर्थिक प्रशासनसम्बन्धी अन्य कार्यहरू सम्पादन गर्ने।

४.२. राजश्व इकाई

- राजश्व सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन र नियमन (राजस्व चुहावट नियन्त्रण समेत) गर्ने,
- गाउँपालिकाको स्विकृत आर्थिक ऐन अनुसार सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, वहालबिटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन, अन्य आय व्यवस्थापन गर्ने,
- सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँड गर्ने,
- आफ्नो क्षेत्रभित्र राजस्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन, समन्वय र नियमन गर्ने,
- स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर (नीति, कानुन, मापदण्ड, नियमन, शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन गर्ने ,
- कानुन बमोजिम ढुंगा, गिट्टी, बालुवा, माटो, स्लेट जस्ता खानी खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन गर्ने,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित राजश्व संकलन तथा तथ्याङ्क व्यवस्थापन गर्ने,
- प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना गराई राजश्व संकलन गर्ने,
- प्रचलित कानुन बमोजिम दण्ड जरिवाना संकलन गर्ने,
- बाँकी बक्यौता रकमको लगत र असुल उपर गर्ने,
- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक गर्ने,
- वित्तीय स्रोत साधनको समतामूलक बाँडफाँडका लागि सुझाव प्रदान गर्ने,
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन गर्ने,
- राजश्व परामर्श समिति सम्बन्धी विषयमा गर्नुपर्ने कार्य गर्ने,

लिला ना...
सूचना अधिकारी

- स्थानीय राजस्व प्रबर्द्धनका लागि प्रोत्साहन सम्बन्धि कार्य गर्ने,
- राजश्वको सम्भाव्यता अध्ययन गर्ने गराउने,
- राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान गर्ने गराउने,
- संघीय तथा प्रदेश कानून बमोजिम राजश्व संकलनका लागि तोकिएका कार्य गर्ने गराउने ।
- गाउँकार्यपालिका र प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखले तोकेका कार्य गर्ने ।

५. स्वास्थ्य शाखा

- आधारभूत स्वास्थ्य तथा सरसफाइ सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने,
- राष्ट्रिय तथा प्रदेश सरकारले निर्धारण गरेका स्वास्थ्य नीति, लक्ष्य, मापदण्ड तथा गुणस्तर अनुरूप स्थानीय स्वास्थ्य प्रणालीको विकास, सञ्चालन तथा सुधार गर्ने,
- आधारभूत स्वास्थ्य सेवा, प्राथमिक स्वास्थ्य सेवा, जनस्वास्थ्य तथा सरसफाइसम्बन्धी कार्यक्रम सञ्चालन, प्रवर्द्धन तथा व्यवस्थापन गर्ने,
- प्राथमिक स्वास्थ्य केन्द्र, ग्रामीण अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ तथा अन्य स्थानीय स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्ने,
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधारको योजना, निर्माण, विस्तार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- जनरल अस्पताल, नर्सिङ होम, क्लिनिक, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति, नवीकरण, अनुगमन तथा नियमन गर्ने,
- औषधि पसल सञ्चालन, औषधि तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण, वितरण, न्यूनतम मूल्य निर्धारण तथा नियमन सम्बन्धी कार्य गर्ने,
- औषधिको सुरक्षित तथा उचित प्रयोग, सूक्ष्मजीव निरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण तथा औषधिजन्य वनस्पति, जडीबुटी एवं अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण सम्बन्धी कार्य गर्ने,
- खोप कार्यक्रम, मातृ तथा नवजात शिशु स्वास्थ्य, बाल स्वास्थ्य, किशोर स्वास्थ्य, परिवार नियोजन, सुरक्षित मातृत्व, पोषण तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने,
- सरुवा तथा नसर्ने रोग, जुनोटिक तथा कीटजन्य रोगको रोकथाम, नियन्त्रण, निगरानी तथा व्यवस्थापन गर्ने,
- महामारी, प्रकोप, जनस्वास्थ्य आपत्कालीन अवस्था तथा आकस्मिक स्वास्थ्य सेवाको तयारी, नियन्त्रण, प्रतिकार्य तथा व्यवस्थापन गर्ने,
- रक्त सञ्चार सेवा, स्थानीय तथा शहरी स्वास्थ्य सेवा तथा अन्य आवश्यक स्वास्थ्य सेवा सञ्चालनमा समन्वय र सहजीकरण गर्ने,
- स्वास्थ्य बीमा, सामाजिक सुरक्षा तथा विपन्न नागरिक उपचार सिफारिस सम्बन्धी कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्ने,
- स्वास्थ्य शिक्षा, जनचेतना, स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग, स्वास्थ्य वृत्त, पञ्चकर्म तथा जनस्वास्थ्य प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- सुर्तीजन्य पदार्थ, मदिरा तथा लागू पदार्थको प्रयोग न्यूनीकरण तथा नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- आयुर्वेद, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायत परम्परागत स्वास्थ्य सेवा व्यवस्थापन तथा प्रवर्द्धन गर्ने,
- खानेपानी, सरसफाइ, वातावरणीय स्वास्थ्य तथा पोषण सुधारसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने,
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित समूहका लागि स्वास्थ्य संरक्षण तथा विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने,
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन, प्रवर्द्धन तथा सहजीकरण गर्ने,
- स्वास्थ्य सूचना प्रणाली सञ्चालन, स्वास्थ्यसम्बन्धी तथ्याङ्क सङ्कलन, अभिलेखीकरण, विश्लेषण तथा वार्षिक, आवधिक एवं विषयगत प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने,
- जनस्वास्थ्य निगरानी (Public Health Surveillance), रोग प्रकोप अनुगमन तथा स्वास्थ्यसम्बन्धी अनुसन्धान, अध्ययन एवं सुधारका लागि आवश्यक सुझाव तयार गर्ने,
- स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको कार्यसम्पादन अनुगमन, मूल्याङ्कन तथा न्यूनतम सेवा मापदण्ड एवं गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन गर्ने,

लिला ना.प.
सूचना अधिकारी

- निजी, सामुदायिक तथा गैरसरकारी स्वास्थ्य संस्थासँग समन्वय, सहकार्य तथा नियमन गर्ने,
- स्वास्थ्य क्षेत्रसँग सम्बन्धित संघ, प्रदेश, स्थानीय तह तथा अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने,
- स्वास्थ्य शाखाका कर्मचारीहरूको कार्य व्यवस्थापन, क्षमता विकास तथा संस्थागत सुदृढीकरण सम्बन्धी कार्य गर्ने,
- स्वास्थ्यसम्बन्धी प्रचलित कानून, मापदण्ड, निर्देशिका तथा कार्यविधिको प्रभावकारी कार्यान्वयन गराउने,
- गाउँकार्यपालिका, गाउँसभा तथा प्रमुख प्रशासकीय अधिकृतबाट तोकिएका स्वास्थ्य तथा सरसफाइसम्बन्धी अन्य कार्यहरू सम्पादन गर्ने।

६. शिक्षा युवा तथा खेलकुद विकास शाखा

- आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी स्थानीय नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने,
- सामुदायिक तथा संस्थागत विद्यालयहरूको सञ्चालन, व्यवस्थापन, नियमन, अनुगमन तथा मूल्याङ्कन गर्ने,
- विद्यालय शिक्षाको गुणस्तर सुधार, शैक्षिक उपलब्धि अभिवृद्धि तथा सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने,
- विद्यालय स्थापना, कक्षा थप, समायोजन, स्थानान्तरण तथा बन्द सम्बन्धी कार्य गर्ने,
- शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यमा सहजीकरण गर्ने,
- विद्यालयको शैक्षिक, भौतिक तथा प्रशासनिक अवस्था सम्बन्धी तथ्याङ्क संकलन, अभिलेखीकरण तथा अद्यावधिक गर्ने,
- छात्रवृत्ति, दिवा खाजा, पाठ्यपुस्तक तथा अन्य शैक्षिक सहायता कार्यक्रम कार्यान्वयन गर्ने,
- प्रारम्भिक बालविकास तथा विद्यालय शिक्षासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- अनौपचारिक शिक्षा, साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालय तथा शैक्षिक संस्थाको नियमित अनुगमन, निरीक्षण तथा प्रतिवेदन तयार गर्ने।,
- युवा विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,
- युवाको नेतृत्व विकास, क्षमता अभिवृद्धि, स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने,
- युवा क्लब तथा युवासम्बद्ध संस्थासँग समन्वय, सहकार्य र परिचालन गर्ने,
- लागूपदार्थ दुर्व्यसन, बेरोजगारी तथा सामाजिक विकृतिविरुद्ध युवा सचेतना कार्यक्रम सञ्चालन गर्ने,
- खेलकुद विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रम सञ्चालन गर्ने,
- खेल मैदान, खेल पूर्वाधार तथा खेलकुद सामग्री व्यवस्थापन र विकास गर्ने,
- स्थानीय, अन्तरपालिका तथा जिल्लास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन तथा समन्वय गर्ने,
- खेलाडी, प्रशिक्षक तथा खेलकुद संस्थाको क्षमता विकास र प्रोत्साहन गर्ने,
- स्थानीय प्रतिभा पहिचान, खेलाडी सम्मान तथा खेलकुद संस्कृतिको विकास गर्ने,
- शिक्षा, युवा तथा खेलकुद क्षेत्रसँग सम्बन्धित संघ, प्रदेश तथा अन्य निकायसँग समन्वय गर्ने,
- शिक्षा, युवा तथा खेलकुदसम्बन्धी तथ्याङ्क, अभिलेख तथा सूचना व्यवस्थापन गर्ने,
- शिक्षा, युवा तथा खेलकुद कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन तयार गर्ने,
- शिक्षा, युवा तथा खेलकुदसम्बन्धी प्रचलित कानुन, नीति तथा मापदण्डको कार्यान्वयन गर्ने,
- गाउँपालिकाले तोकेका शिक्षा, युवा तथा खेलकुद विकाससम्बन्धी अन्य कार्यहरू सम्पादन गर्ने,
